कपिलबस्तु जिल्लाको गोरुसिङ्गेमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३४ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असोज ८ गते देखि १० गते सम्म कपिलबस्तु जिल्लाको गोरुसिङ्गेमा “ब्यवसायिक बाख्रापालन तालिम” सम्पन्न गरेको संस्थाका ईमिलिया शाखा कार्यालयका शाखा प्रमुख श्री दिपक भट्टराईले जानकारी गराएका थिए । यस तालिममा ३ बाहिरी विशेषज्ञ सहित शाखा प्रमुख श्री दिपक भट्टराई र क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपाने तालिमका प्रशिक्षक रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख शम्भु न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यको बारेमा संस्थाको ईमिलिया शाखाका प्रमुख श्री दिपक भट्टराईले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ। संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ श्रावण मसान्त सम्ममा ३ लाख अन्ठाउन्न हजार छ सय घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ श्रावण मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६० करोड ८५ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १४ करोड ९७ लाख बचत परिचालन गरेको छ ।



बाख्रा पालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रा पालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रा पालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम्

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाखालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलितदानाबनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाखा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाखा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसीपार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाखाको पहिचान, रोग लाग्नाका कारण तथा बाखामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, बाखामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाखा पालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास,बजार ब्यवस्थापन, बाखा पालनको स्किम,बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको  ईमिलिया शाखाका शाखा प्रमुख श्री दिपक भट्टराईले बताएका थिए । ब्यवसायिक रुपमा बाखा पालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री ओम कुमारी कार्की, श्री सिता थारु र सावित्रा पुनले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा बाखापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालनगर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 